# भाग-१
# बोलपत्र आव्हानको सूचना

## बर्दिबास नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
बर्दिबास,महोत्तरी
मधेश प्रदेश, नेपाल

**बोलपत्र आव्हानको सूचना**

**प्रथम पटक प्रकाशित मिति :२०८१/०७/१४**

बर्दिबास नगरपालिका भएर बग्ने रातु खोलाबाट आ.ब.२०८१।०८२ मा नदीजन्य पदार्थहरु [ढुंगा, गिट्टी, बालुवा, ग्राबेल (दहत्तर/बहत्तर)] उत्खनन्, संकलन, भण्डारण, बिक्री वितरण तथा निकासीका लागि देहायका खण्डहरुबाट २०८२ जेष्ठ मसान्त भित्र कार्य गर्न इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुबाट विद्युतीय बोलपत्र (E-Bidding) आह्वान गरिएको छ ।

| क्र. सं. | बोलपत्र नं. | बोलपत्रको नाम/ खोलाको खण्ड | कुल उत्खनन् गर्न पाउने परिमाण (घ. मी.) | न्युनतम कबोल अंक मु.अ.कर (VAT) बाहेक रु. | धरौटी रकम रु. (कबोल अंकको) | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|---|---|---|
| १ | NCB/BM/IR/ 2081/082-01 | रातु खोला- किसानगर खण्ड | ८०,१५०।९९ | १,९८,१४,१२६।२४ (एक करोड अन्ठानब्बे लाख चौध हजार एक सय छबीस रुपैया पैसा चौबीस मात्र) | ५ प्रतिशत | ३०००/- |
| २ | NCB/BM/IR/ 2081/082-02 | रातु खोला- जुरेटोल खण्ड | ८०,११५।४५ | १,९८,०५,३४०।३९ (एक करोड अन्ठानब्बे लाख पाँच हजार तीन सय चालीस रुपैया पैसा उन्नचालीस मात्र) | ५ प्रतिशत | ३०००/- |
| ३ | NCB/BM/IR/ 2081/082-03 | रातु खोला- फुलवारी खण्ड | ६७,२८८।६७ | १,६६,३४,४३२।११ (एक करोड छैसठी लाख चौतीस हजार चार सय बतीस रुपैया पैसा एघार मात्र) | ५ प्रतिशत | ३०००/- |
| ४ | NCB/BM/IR/ 2081/082-04 | रातु खोला- पथलैया खण्ड | ६७,१२६।४६ | १,६५,९४,३३२।२० (एक करोड पैसठी लाख चौरानब्बे हजार तीन सय बत्तीस रुपैया पैसा बीस मात्र) | ५ प्रतिशत | ३०००/- |

ठेक्का सम्बन्धी शर्तहरु र सम्पूर्ण विवरण यस कार्यालयको वेवसाईट www.bardibasmun.gov.np वा सार्वजनिक खरीद अनुगमन कार्यालयको वेवसाईट www.bolpatra.gov.no/egp मा हेर्नु हुन।

बर्दिबास नगरपालिका नगर कार्यपालिकाको कार्यालय बर्दिबास, महोत्तरी मधेश प्रदेश, नेपाल २०७३

शर्तहरु :-

१. स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को घ(६), ऐ.ऐ. ऐन को दफा ६२(क), ढुंगा, गिट्टी बालुवा उत्खनन् , विक्री तथा व्यवस्थापन सम्बन्धि मापदण्ड, २०७७ (पहिलो संसिधन सहित २०७९) बमोजिम फर्महरुको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मू.अ. कर दर्ता प्रमाणपत्र, आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपालि नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, बोलपत्र फारम दस्तुर कृषि विकास बैंक लिमिटेड शाखा कार्यालय बर्दिबासमा रहेको यस कार्यालयको आन्तरिक राजश्व खाता नं. १००६३०११४९१२८१०५ मा नगद जम्मा गरेको बैंक भौचर र धरौटी वापतको रकम कृ.वि. बैंक लि. बर्दिवास शाखामा रहेको धरौटी खाता नं. १००६३०११४९१२८०६७ मा जम्मा गरेको बैंक भौचर वा मान्यता प्रास बैंकबाट यस कार्यालयको नाममा जारी भएको कम्तिमा १२० दिन सम्म म्याद रहेको बैंक जमानत पत्र (Unconditional Bid Bond) साथ् यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० दिन भित्र विद्युतीय माध्यमबाट बोलपत्र खरिद तथा दर्ता गर्न सकिने छ। बोलपत्र सम्बन्धि कागजातहरु सार्वजनिक खरिद अनुगमन कार्यालयको वेवसाइट www.bolpatra.gov.no/egp बाट डाउनलोड तथा अपलोड गर्न सकिने छ।

२. तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको कृषि विकास बैंक बर्दिवासमा रहेको आन्तरिक राजश्व खाता नं. १००६३०११४९१२८१०५ मा जम्मा गरेको बैंक भौचर संलग्न गर्नु पर्ने छ। बोलपत्र पेश गर्ने अन्तिम मितिमा सार्वजनिक विदा पर्न गएमा सो को भोलि पल्ट वा कार्यालय खुल्ने दिन सम्म बोलपत्र पेश गर्न सकिने छ।

३. बोलपत्र सम्बन्धि फारम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्ने छ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ।

४. कबोल गरेको अंकको (मू.अ. कर बाहेक) ५(पाँच) प्रतिशतले हुन आउने धरौटी रकम यस कार्यालयको कृषि विकास बैंक लिमिटेड, बर्दिबास शाखामा रहेको धरौटी खाता नं. १००६३०११४९१२८०६७ मा रकम जम्मा गरेको सक्कल भौचर वा मान्यता प्रास बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी कम्तिमा १२० दिनको म्याद सहित जारी गरिएको जमानत ( बिड बोन्ड) पेश गर्नु पर्नेछ।

५. बोलपत्रदाताले खरिद गरेको बोलपत्र फरामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी प्रत्येक पानामा सहीछाप गरी फर्मको नाम, ठेगाना, काम विवरण, बोलपत्र विवरण, प्रोपराइटरको नाम, ठेगाना, सम्पर्क नम्बर स्पष्ट खुलाई फर्मको छाप लगाई सबै कागजात स्कान गरी प्रथम पटक सूचना प्रकाशित मितिले ३१ औ दिनको १२ बजे भित्र विद्युतीय प्रति दर्ता गर्नु पर्ने छ।

६. एक व्यक्ति, फर्म वा संस्थाको नाममा खरीद गरीएको बोलपत्र अर्को व्यक्ति, फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाईने छैन।

७. रीतपूर्वक पर्न आएका बोलपत्रहरु पेश गर्ने अन्तिम दिनको २ बजे पछि खोलीने छ। बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभए पनि खोल्न बाधा पर्ने छैन।

८. प्रि- बिड बैठक सूचना प्रकाशन भएको मितिले १६ औ दिनको १२ बजे यस कार्यालयमा हुनेछ।बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा जानकारी लिन सक्नु हुनेछ। उक्त दिन विदा परेमा भोलिपल्ट सोही समयमा हुनेछ।

९. बोलपत्र सम्बन्धि विस्तृत जानकारी बोलपत्र सम्बन्धि फारममा उल्लेख गरिने हुँदा सोही पुस्तिकाबाट अवगत गर्न सकिनेछ।

१०. बोलपत्र दिंदा कुनै प्रकारको शर्त मान्य हुने छैन। साथै यस कार्यालयको छाप र कार्यालयको तर्फ बाट प्रमाणित नभएको बोलपत्र फारमलाई मान्यता दिईने छैन।

११. नदीजन्य पदार्थहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाण, बिक्री वितरण स्थानीय सरकार संचालन ऐन २०७४ (पहिलो संशोधन २०७९, समेत), मधेश प्रदेशको आर्थिक ऐन २०८१, बर्दिवास नगरपालिकाको आर्थिक ऐन २०८१, संघीय तथा प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ। यस कार्यालयबाट गरिएको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन २०८०, यस ठेक्का सम्झौताको अभिन्न अंग मानिनेछ।

बर्दिवास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दिवास, महोत्तरी
मधेश प्रदेश, नेपाल
२०७३

१२.ढुंगा, गिट्टी बालुवा उत्खनन् , विक्री तथा व्यवस्थापन सम्बन्धि मापदण्ड, २०७७ (पहिलो संसिधन सहित २०७९), रकम र सरकारी ठेक्का बन्दो बस्त ऐन, २०२० तथा तत् सम्बन्धि नियमावली २०२२, तथा नेपाल सरकारका अन्य प्रचलित कानून बमोजिम हुनेछ ।

१३.ठेक्का अवधि २०८२ जेठ मसान्तसम्म रहनेछ । उल्लेखित न्युनतम ठेक्का रकम बार्षिक भएकोले ठेक्का स्वीकृत भएको फर्मको कबोल अंकलाई बाँकी अवधिको ठेक्का रकम भएकोले २ किस्तामा कुल कबोल रकम यस कार्यालयमा दाखिला गर्नुपर्नेछ ।

१४.बोलपत्र स्वीकृत भएको सूचना प्रकाशित भएको मितिले १५(पन्ध्र) दिन भित्र वार्षिक कबोल अंकको ५% हुने धरौटी रकम माथि उल्लेखित धरौटी खातामा दाखिला गरिएको रकमको सक्कल बैंक भौचर सम्झौताको बखत यस कार्यालयमा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । साथै उक्त रकम ठेक्का म्याद समाप्त भएकोमा कर चुक्ताको प्रमाण पेश पश्चात फुकुवा हुने छ।

१५.बोलपत्र स्वीकृत भएको सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र वार्षिक कबोल अंकको ५०% रकम यस कार्यालयको तोकिएको खातामा अग्रिम जम्मा गरेको सक्कल बैंक भौचर र सो रकममा लाग्ने १३% मू.अ.कर सम्बन्धित आन्तरीक राजश्व कार्यालयमा दाखिला गरेको प्रमाण पेश गर्नुपर्नेछ । बाँकी ५०% रकम र सो रकममा लाग्ने १३% मू.अ.कर समेतको रकम २०८२ साल साउन मसान्तसम्म म्याद भएको कार्य सम्पादन जमानत (पर्फमेन्स बंड) समेत पेश गर्नु पर्ने छ । साथै बाँकी रकम २०८२ बैशाख मसान्त भित्र कार्यालयको तोकिएको खातामा दाखिला गरी सक्नु पर्ने छ ।

१६.बोलपत्र काबुल गर्ने व्यक्ति वा फर्मले आफुले कबोल गरेको रकममा सेवा शुल्क वापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३% मू. अ. कर, आयकर तथा अन्य कर रकम सम्बन्धित कार्यालयमा छुट्टा छुट्टै रुपमा दाखिला गरेको प्रमाण कार्यालयमा बुझाउनु पर्ने छ । उक्त रकम ठेक्का रकमबाट घटाउन पाइनेछैन ।

१७.तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोवस्त गरिनेछ ।

१८.बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्राप्त गरी निर्धारित समय भित्र कार्यालयसंग सम्झौता गरिसक्नुपर्नेछ । तोकिएको समय भित्र सम्झौता गर्न नआएमा बोलपत्रदाताले राखेको धरौटी जफत गरी नियमानुसार कारवाही गरिनेछ ।

१९.ठेकेरदारले उठाउने कर यस कार्यालयले तोकेको संकलन केन्द्रमा नै उठाउनु पर्नेछ । राष्ट्रिय राजमार्ग र सहायक राजमार्गहरुमा ढाट राखी कर उठाउन पाईने छैन ।

२०. ढुंगा, बालुवा, गिट्टी र ग्राभेल उत्खनन् गर्दा पुल, कल्भर्ट, कजवे, सडक, बाटो तथा सार्वजनिक निर्माण स्थलको दायाँ वायाँ ५०० मिटरभित्र वन क्षेत्र र कुनै व्यक्तिको घर, जग्गा, कुलो, बाँध, सार्वजनिक स्थल आदिबाट निकाल्न पाइनेछैन ।

२१. म्याद नाघी वा रीत नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार हुने छैन ।

२२. ठेकेदारले बन्द, हड्ताल र समय अभावको कारण देखाइ छुट तथा मिनाहा दाबी गरेमा कार्यालयले छुट दिने छैन ।

२३. नेपाल सरकार, प्रदेश सरकार, जिल्ला अनुगमन समिति र यस कार्यालयले समय समयमा दिएको निर्देशन पालन गर्नु ठेकेदारको कर्तब्य हुनेछ ।

२४. बोलपत्र स्वीकृत गर्ने/नगर्ने सम्बन्धि सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

२५. यस सूचनामा उल्लेख भएको कुरा यसै अनुसार र नभएको कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

ठेक्का सूचनाको विस्तृत विवरण यस कार्यालयको सूचना पाटी तथा कार्यालयको वेवसाइट www.bardibasmun.gov.np मा समेत हेर्न सकिने छ । साथै विस्तृत जानकारीको लागि कार्यालयको समयभित्र सम्पर्क गर्न सकिने छ ।

बर्दिवास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दिवास, महोत्तरी
मधेश प्रदेश, नेपाल
२०७३